● देवचन्द्र सुब्बा

# ऋतु–निमन्त्रण र पारिस्थितिकी

**सार**

प्रकृति र साहित्यबिचको अध्ययन गर्ने विद्यानुशासनलाई परिवेश विमर्श भनिन्छ। परिवेश विमर्शले प्रकृतिमा भइरहेको प्रदूषण र पारिस्थितकीमा असन्तुलनका विषय वा समस्याहरूबारे साहित्यको भूमि विमर्श गर्दछ। परिवेश विमर्श अन्तरज्ञानानुशासनको विषय हो। यसअन्तर्गत दर्शन, विज्ञान, अध्यात्म, मनोविज्ञान, राजनीति, अर्थशास्त्र र भाषाविज्ञानजस्ता विषयका कुराहरू पर्छन्। यी सबै विषयहरूबाट तथ्य लिएर साहित्यको माध्यमले अध्ययन गरिन्छ। त्यसैले परिवेश विमर्शमा प्रकृति लेखन, गहन पारिस्थितिकी, गाया अनुकल्पना, हरित आध्यात्मिकता, परिवेश धर्मविज्ञान आदि विषयहरू पर्छन्। यस लेखमा कवि मोहन कोइरालाको 'ऋतुनिमन्त्रण'–काव्यको पारिस्थितिकीय (इकोलजिकल) अध्ययन गरिने प्रयास गरिएको छ।

**बीजशब्द –** पारिस्थितिकी, गहन पारिस्थितिकी, नृकेन्द्री विचार, परिवेश काव्य

## १. परिचय

सन् १९८३ मा प्रकाशित 'ऋतु–निमन्त्रण' कविता सङ्ग्रह मोहन कोइरालाको पुस्तकाकार सातौँ कृति हो। उनले यस सङ्ग्रहमा ऋतु अथवा प्रकृतिलाई जीवन अनुकूल मान्दै ऋतु विपरीत जीवन सम्भव छैन भन्ने देखाएका छन्। नेपाली कवितामा नयाँ प्रयोग लिएर आधुनिक कविताको थालनी गर्ने मोहन कोइरालाका कविता गद्यमा लेखिएका छन्। 'ऋतु–निमन्त्रण' भन्दा अघिका कविताहरूमा पनि गद्यशक्तिको सशक्त उदाहरण पाइन्छ। अभि सुवेदी आधुनिक जीवनप्रति दुई प्रकारका धारणा रहेका

मान्छन्। पहिलो, कवितामा आजसम्म (आधुनिक काल) मान्यता प्राप्त जीवनको बहिष्कार र दोस्रो जीवनप्रतिको आस्था। जीवन बोध गर्ने आधुनिक कविको चरित्रले नै उसलाई 'जीवन' बहिष्कार गर्न सिकाएको छ।[१] मोहन कोइरालाका कवितामा जीवन बहिष्कार र बोध दुवैको सन्तुलन देखिन्छ। ग्रामीण र सहरीय दुवै प्रकारका जीवनशैली हेर्ने उनको दृष्टि प्रकृतिपरक छ।

लेखनाथ पौड्याल र मनप्रसाद सुब्बाका ऋतु कवितामा अभिव्यक्त विचार, शैली, अनुभूति र अभिव्यक्तिभन्दा भिन्न रहेको 'ऋतु–निमन्त्रण'–मा मोहन कोइरालाले प्रकृतिको स्वभाव, गुण र प्रकृति चिन्तनको वैज्ञानिक र काव्यात्मक प्रस्तुति दिएका छन्। उनी भन्छन् ''ऋतुको अनुकूलमा मात्र जीवन सम्भव छ। ऋतुविपरीत कहाँ जीवन, कहाँ विश्व।''[२] यस काव्यमा कोइरालाले प्रचुर प्रतीक र बिम्बको प्रयोग गरेका छन्, यसले कवितालाई प्रभावकारी बनाएको छ, त्यसैले 'ऋतुनिमन्त्रण'– भित्रका कविताहरू अरूका कविताहरू भन्दा शक्तिशाली छन्। कविले 'ऋतुनिमन्त्रण'–मा पहिले ऋतुको महत्त्व बुझाउँदै, ऋतुलाई निमन्त्रण गर्दै प्रकृति र पारस्थितिकीबिचको सन्तुलन देखाएका छन्–

ऋतु अनुकूल भएन भने जीवन–क्रम अनुकूल बन्दैन
ऋतु अनुकूल छ भने जीवन–क्रम अनुकूल बन्छ,
यै ऋतु ज्ञान हो यै ऋतु अभ्यास हो यै ऋतु आगमन हो।

मोहन कोइरालाले 'ऋतुनिमन्त्रण'–मा प्रकृतिमा निहित गहन पारिस्थितिकी देखाएका छन्। उनले यस काव्यमा प्रकृतिको वैज्ञानिक, दार्शनिक र कलात्मक परिप्रेक्ष्यबाट हेरेर ऋतुको क्रम र त्यसका नियमलाई काव्यात्मक रूप दिएका छन्। मानव संवेदना नै कविताको आधार मान्ने मोहन कोइरालाले यस काव्यमा प्रकृतिको भौतिक र पराभौतिक दुवै गुणलाई देखाएका छन् साथै मानवीय संवेदनाकै सहयोगले मात्र प्रकृतिको संरक्षण सम्भव छ भन्ने उनको विचारको देखिन्छ। त्यसैले उनी प्रकृतिको सामर्थ्य बुझ्न र उसको शक्ति निरिक्षण गर्ने आँट भएका वा ज्ञान भएकाहरूलाई निमन्त्रण गर्छन्–

यो पोखरी हो हरिणी निडर आएकी छ भने
यो अभय वन हो यदि मृग अभय आएको छ भने,

**––– ऋतु–निमन्त्रणा, पृ १**

पर्यावरणवादले धरतीलाई यन्त्र मान्दैन, यसले प्रकृतिलाई जैव रूप मान्दछ, जसरी एउटा मान्छेको

---

**१. अभि सुवेदी, सन् १९९४, सिर्जना र मूल्यङ्कन, साझा प्रकाशन, काठमाडौँ, पृ १११**

**२. मोहन कोइराला, सन् १९८३, ऋतु–निमन्त्रण, साझा प्रकाशन, काठमाडौँ, पृ ग**

व्यवहार अर्को मान्छेप्रति प्रेम, सहानुभूति एवं समझदारीमा आधारित हुनुपर्छ, त्यसै गरी प्रकृतिप्रति मान्छेको सम्बन्ध प्रेम र मैत्रीको हुनुपर्छ न कि युद्धमा विजेता र विजीतको जस्तो[३] भन्ने कृष्ण गौतमको विचार कोइरालाका कवितामा प्रत्यक्ष देखिन्छ। 'ऋतु-निमन्त्रण' काव्यमा मात्र नभएर उनका अन्य फुटकर र लामा कविताहरूमा पनि यस्ता अनुभूति देखिन्छन्। उनले कवितामा प्रकृतिलाई कहिले पनि छोडेनन्। यौन, सहर, गाउँ, दर्शन, प्रेम, जीवन आदिका विचार र अनुभूति कवितामा व्यक्त गर्दा उनले प्रकृतिलाई अघि उभ्याएका छन्। कोइरालाका कवितामा प्रकृति-चिन्तन र कलाको सन्तुलन देखिन्छ।

परिस्थिति र धूलोको अति चर्को र कोमलताले
असहिएको नओइलिएको रेशमी नरम बोक्रामाथि
अज्ञात कोपिला विजन देशमा फुट्छ।
मुस्कान शून्यताले लुट्छ।
सौन्दर्य बाटैमा सखाप हुन्छ
मौसमी आनन्दहरू अज्ञात हातले लाछिन्छ।
अज्ञात कोपिला विजनतामा फुट्छ।

**--- पहराको फूल/ पृ ११२**

साहित्यिक अथवा काव्यात्मक अभिव्यक्तिमा प्रतीक, बिम्ब तथा अभिप्राय हुन्छन्। प्रतीक व्यक्तिगत अथवा सार्वजनिक हुन्छन् ; त्यस्तै स्थानीय अथवा विश्वव्यापी पनि हुन्छन्।[४] 'ऋतु-निमन्त्रण'-मा प्रयुक्त प्रतीकले प्रकृतिको गम्भीर समस्यातिर सङ्केत गरेको छ भने जीवनदर्शनको बोध पनि गरेको छ। प्रकृतिप्रतिको सचेतता र यसको सुरक्षाको आवश्यकता पनि यस सङ्ग्रहका कविताले सङ्केत गरेको छ। अतः कोइरालाका कविता सबैप्रकारले सर्वभौम आधुनिकताको व्यास हो[५] भन्ने ईश्वर बरालको विचार छ। मोहन कोइराला 'ऋतु-निमन्त्रण'-को भूमिकामा लेख्छन् 'यसमा परेका आख्यान अति कोमल छन्, यसका कार्य-कारण भावना अति सूक्ष्म तन्तुबाट बुनिएका छन्।'[६] यसको उदाहरण यस पंक्तिमा पाइन्छ-

पशु पक्षीलाई आगामी समय कसैले भन्न पर्दैन
पशु पक्षीलाई आगामी ऋतु कसैले किट्न पर्दैन

३. कृष्ण गौतम, सन् २००७, उत्तरआधुनिक जिज्ञासा, भृकुटी एकेडेमिक पब्लिकेसन, काठमाडौँ, पृ २०८
४. इन्द्रविलास अधिकारी, सन् २००४, पश्चिमी साहित्य सिद्धान्त, साझा प्रकाशन, काठमाडौँ, पृ २९
५. ईश्वर बराल, सन् १९७३, मोहन कोइरालाका कविता, साझा प्रकाशन काठमाडौँ, पृ ड
६. मोहन कोइराला, सन् १९८३, ऋतु-निन्त्रण, साझा प्रकाशन, काठमाडौँ, पृ घ

कुन मैह्ना कुन वन अनुकूल बन्छ, कुन स्यौला कुन मैनामा झपक्क बन्छ,
खोलाको पानी मिठो हुने समय, कुवाको पानी भुल्का उठ्ने समय
ताल तलैयाहरू कुन महीना कन्चन निष्कलङ्क हुन्छ पैले नै ज्ञान गर्छ
**---- ऋतु–निमन्त्रण, पृ ४**

'ऋतु–निमन्त्रण'–मा मोहन कोइरालाले प्रकृतिको स्वभाव र गुण देखाएका छन् तर यस कार्यलाई उनी कठिन मान्छन्। उनी भन्छन् ''प्रकृतिको स्वभावलाई एउटा कवितामा उस्तै भर्न खोज्नु, त्यो पनि गद्य विधामा निकै कठिन कार्य हुन्छ।''[७] कविताको अभिप्राय वास्तविक रूपमा ग्रहण गर्ने कार्य सहज हुँदैन। अनेकार्थ साथै अनुभूतिद्वारा कविता अभिव्यक्त भएको हुन्छ। त्यसैले कवितामा निहित गुणीभूत ध्वनि मात्र ग्रहण गरे कविताको रसास्वादन गर्न सकिँदैन। कविता पाठकको मानसमा गएर अभिव्यञ्जित हुन्छ, अर्थात् सामाजिकको बुद्धिमा गएर कविताले आफ्नो पूर्ण स्वरूप पाउँछ, तर त्यो स्वरूप कवि मानसमा निर्माण भएकै स्वरूप नहुन सक्छ। कवितामा प्रतीक, विम्ब, मिथक, शब्द चयन, संरचना, बुनोट, गति, लय आदिको सन्तुलनले सङ्केत व्यवस्था खडा गर्छ अनि यसको खोज नै प्रमुख पनि हुन्छ। कविता केवल साहित्यिक सिर्जना मात्र नभएर अन्य थोक पनि हो। कविता अनुभूति अभिव्यक्त गर्ने माध्यम हो वा अनुभूतिको भाषा हो। यसका प्रत्येक शब्दले, शब्दक्रमले, प्रत्येक तत्त्वले अनुभूतिहरू व्यक्त गरेको हुन्छ। कविता स्थूलदेखि सूक्ष्मतिर जाने प्रक्रिया हो। त्यसैले 'ऋतु–निमन्त्रण'–का कविताको गति प्रकृतिको स्थूल वर्णनदेखि सुक्ष्मतर हुँदै गएको देखिन्छ। कवितामा प्रकृतिसँग जोडिएर अन्य रूपकात्मक विषयहरू पनि अभिव्यक्त भएका छन् तर कविताको केन्द्रीय विषय भने प्रकृति र यसको प्रकार्यगत शक्ति नै रहेको छ। यस कवितामा प्रयुक्त प्रतीक, विम्ब, उपमा, रूपक, संरचनामा प्रकृतिका घटकहरू निहित छ भने कविताको अवकासमा प्रकृति चिन्तनका विचारहरू रहेका छन्। यसमा प्रकृतिमा हुने विविध परिवर्तन र घटनालाई दार्शनिक र वैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ। सत्यलाई आफ्नो सत्यताको कुनै प्रमाण दिइरहनु पर्दैन। सत्य नैसर्गिक रूपमा नै सत्य हुन्छ। पूर्णबाट सुरु भएर पूर्णमा नै अन्त हुन्छ। त्यसैले प्रकृतिमा निहित वाह्य अनि आन्तरिक सत्यको व्याख्या गर्न यस सङ्ग्रहका कविताले कुनै प्रमाण वा सिद्धान्तको सहारा लिएका छैनन्।

'ऋतु–निमन्त्रण'– काव्यको आधार प्रकृति हो। यसमा कविताको विषयवस्तु र अभिप्राय दुवै प्रकृति हो। प्रकृतिदेखि कविता पर गएको छैन, अर्थात् कवितामा भौतिक प्रकृति र सूक्ष्म प्रकृतिको वर्णन छ। ऋतुहरूले स्थूल रूपमा भौतिक प्रकृतिको सङ्केत गरेका छन् भने ऋतुसँग जोडिएर आएका समाज–संस्कृति र जैवविविधागत प्रसङ्ग, गति साथै यसमा बनेका अवकासले सूक्ष्म प्रकृतिको सङ्केत

७. मोहन कोइराला, सन् १९८३, पूर्ववत्, पृ ग

गरेको छ।

### २. ऋतु–निमन्त्रण र गहन पारिस्थितिकी

गहन पारिस्थितिकी परिवेश दर्शनशास्त्रभित्र पर्ने महत्त्वपूर्ण विषय हो। यसलाई अङ्ग्रेजीमा 'डिप इकोलजी' भनिन्छ। 'डिप इकोलजी' शब्द सर्वप्रथम नर्वेका दार्शनिक आर्ने नासले सन् १९७३ मा 'द स्यालो एन्ड दि डिप, लङ -रेन्ज इकोलजी मूभमेन्ट' भन्ने लेखमा चलाएको थाहा पाइन्छ।[८] गहन पारिस्थितिले प्रकृतिलाई प्रकृतिकै दृष्टिले व्याख्या गर्छ, अथवा यसलाई ब्रम्हाण्डीय एकत्वको रूपमा हेर्छ। विद्वानहरू गहन पारिस्थितिलाई एसियाली धार्मिक आस्थाको दृष्टिकोणबाट हुर्केको मान्छन्। स्क्यानडिनाभियामा आर्ने नास र उनका दुई शैक्षिक मित्रहरू सिग्मन्ड काभलोय अनि निल्स फारलुन्डको परिचर्चापछि गहन पारिस्थितिकीय अवधारणाको जन्म भएको देखिन्छ। उनीहरूले हिमालय क्षेत्रको भ्रमणमा निस्किएका समय एकजना शेर्पालाई पथ निर्देशकको रूपमा भेटेका हुन्छन्। हिमालय क्षेत्रको भ्रमण गर्दै जाँदा त्यस शेर्पाले विभिन्न पहाड, पर्वत खोला–नालामा उनीहरूका धार्मिक आस्था रहेको र ती पहाड पर्वतलाई हानी पुऱ्याउनु हुँदैन भन्ने पहाडी संस्कृतिबारे जानकारी दिन्छ। आर्ने नासले त्यस शेर्पा र आफू लगायत दुई मित्रहरूका प्रकृतिप्रतिको दृष्टिकोणलाई तुलना गर्दा शेर्पाको प्रकृतिप्रतिको धारणा गम्भीर लाग्छ अनि त्यसबाट प्रभावित भएर पर्यावरण नीतिअन्तर्गत 'डिप इकोलजी'–को धारणा सूत्रपात गरेका हुन् भन्ने विद्वान्हरूको विचार देखिन्छ।[९] त्यसैले पहाडी अथवा नेपाली संस्कृतिअन्तर्गत पर्ने प्रकृति पूजा र वन–जङ्गललाई देवी–देवताको रूप मान्ने पक्षबाटै गहन पारिस्थितिकीको धारणा जन्मिएको हो भन्न सकिन्छ। मोहन कोइराला लेख्छन्–

जसरी वनदेवीहरू एक्लो दोक्लो मृग छुटेको
चखेवा शिकारीको हात पर्ला गोठालो लाग्छन्,
टुक्राटुक्री बादल छुट्छन् कि शरद् लागेपछि,
वर्षा ऋतुले बटुलेर जान खोज्छ,
जस्तो अर्को वर्षाको लागि बादल संचय गर्न

**– ऋतु शरद्– पृ ३७**

प्रकृतिले मानिसको मात्र नभएर मानवेतर प्राणीहरूको पनि नियमित रूपमा संरक्षण गरिरहेको हुन्छ। प्रकृतिले वन जङ्लका पशु प्राणीहरूलाई गोठालो लागेर नै सुरक्षा गरिरहेको हुन्छ। वर्षाको समयमा जलमग्न जङ्गलबाट ती प्राणीहरूलाई बचाउन प्रकृतिले शरद् ऋतुको आवाहन गर्छ र शरद्ले ती

८. आर्ने नास, डिप इकोलजी एन्ड सेलो इकोलजी– ए कम्पेरेटिभ स्टडि, religioandecology.org

९. इ अरुमुगम, सन् २००८, प्रिन्सिपल अफ इन्भारमेन्टल इथिक्स, स्वरूप बुक पब्लिसर प्रा लि, नयाँ दिल्ली, पृष्ठ १९

प्राणीहरूलाई ओत दिन्छ। यो प्राकृतिक प्रकरण हो। यसमा मानवीय हस्तक्षेपको आवश्यकता छैन। त्यसैले यो प्रकरण गहन पारिस्थितिकीको प्रकरण हो।

मानिस प्रकृतिदेखि पृथक् नभएर प्रकृतिको अंश हो भन्ने गहन पारिस्थितिकीको केन्द्रीय विचार हो तर यो विचार वा धारणा मानवीय संस्कृतिको प्रबल वैयक्तिकतावादसँग मिल्दैन। एकातिर प्रकृतिदेखि पृथक् ठान्दै प्रकृतिमा के भइरहेछ भन्ने चिन्तादेखि मुक्त रहेर व्यक्तिगत स्वार्थमा लिप्त रहने मानव संस्कृति छ भने अर्कोतिर गहन पारिस्थितिकीजस्तो धारणाको विकास गर्ने समूह पनि देखिन्छ। यसलाई विद्वान्हरू तेस्रो विश्वको ठुलो बिडम्बना मान्छन्। गहन पारिस्थितिकी प्रकृति सङ्कट र समस्यालाई हेर्ने आध्यात्मिक दृष्टिकोण हो। यसले भावना, आध्यात्मिकता अनि कर्तव्यलाई साथमा लिएर कार्य गर्दछ। वैयक्तिकतावादको सीमालाई भत्काएर प्रकृतिकेन्द्री धारणालाई प्रेरणा दिँदछ, साथै जीवनसँग गहिरो सम्बन्ध स्थापना गरेर पारिस्थितिकीमा अंश ग्रहण मात्रै नभएर मुख्य भूमिका निर्वाह गर्ने आग्रह गर्दछ।[१०]

पारिस्थितिकी विज्ञानमा प्रकृतिको पारिस्थितिकीको अध्ययन गरिन्छ। यहाँ 'गहन' विशेषण जोडेर बनाइएको गहन पारिस्थितिकी शब्दले स्थूलदेखि सूक्ष्म पारिस्थितिकीय प्रणालीको अध्ययन गरिनु गहिरो अध्ययन गरिनु हो भन्ने बुझिन्छ। पारिस्थितिकीअनुसार एउटै शृङ्खलामा मानव र मानवेतर प्राणीहरू एक अर्कामा निर्भर रहेर घुमिरहेका हुन्छन् साथै तिनीहरूका खाद्य शृङ्खला र सांस्कृतिक व्यवस्थाको सामञ्जस्यले पृथ्वी व्यवस्थित भएको पारिस्थितिकी वैज्ञानिकहरू मान्दछन्। गहन पारिस्थितिकीका अध्येताहरू अझ सूक्ष्म तहमा गएर मानव र प्रकृति किन एक अर्कामा निर्भर रहनु आवश्यक छ, कुन, कस्ता उर्जाले यी व्यवस्थालाई सन्तुलित पारेका छन्, कस्तो आधारमा पारिस्थितिकीको निर्माण भएको छ र यसको संरचनालाई कसरी अध्ययन गर्न सकिन्छ भन्ने तथ्यहरूको अध्ययन गर्छन्। 'ऋतुनिमन्त्रण'– भित्रका कविताहरूको आन्तिरक स्वर वा आधार आध्यात्मिक र दार्शनिक छ। यो हरित आध्यात्मिकता हो। प्रकृतिको संवेदना र कारणत्वलाई कवितामा राखिएको छ। यस काव्यले ऋतुको भेषमा प्रकृतिको भाषा बोलेको छ।

आशीर्वचन सक्दिैन मान्यजनबाट आशीर्वाद
सक्दिैन, जुन देशमा मङ्सिर आउने निधो हुन्छ
जति अन्न खर्च गरे पनि सकिँदैन
नहुनेलाई भेट्न आएको ऋतु
नहुनेलाई सम्झिन आएको ऋतु

१०. religioandecology.org/2013/9:40 pm

केही नदिई फर्कन सक्तैन

**– ऋतु हेमन्त /पृ १६**

प्रकृतिले मानिसलाई आरम्भदेखि जीवन मूल्यका विषयहरू दिँदै आइरहेको छ। प्राकृतिक प्रकोपले विनाश गरेपछि पुनः जीवनलाई सामान्य बनाउन प्रकृति अघि आउँछ। प्राकृतिक प्रकोपको कारण मानिसकै व्यवहार र प्रकृतिप्रतिको हेलचेक्र्याइँ हो। ऋतुहरू क्रमशः जीवनमा सन्तुलन गर्नका लागि तत्पर रहन्छन्, जसरी मान्यजनको आषिश अन्त हुँदैन उसरी नै प्रकृतिको कृपा कहिले समाप्त हुँदैन, तर मानिसले यसको सटीक र आवश्यकताअनुरुप प्रयोग गर्नुपर्छ।

बाँझो भूमिप्रति ध्यान आकर्षित गराउनु गहन पारिस्थितिकीको अर्को मूल विशेषता हो। बाँझो भूमि मानिसलाई जैवकेन्द्री धारणासँग परिचित गराएर प्रकृतिको आदर्शप्रति भित्रैबाट सचेत बनाउनका लागि कुनै एउटा व्यवस्थाले बनाएको योजना हो भन्ने कतिपय पारिस्थितिकी अध्येताहरू मान्छन्। त्यसैले प्रकृतिलाई अप्रतिष्ठा गराउने मानवीय प्रयासको मूल स्रोत नै नृकेन्द्री धारणा हो भन्ने विषयमा गहन पारस्थितिकीका अध्येताहरू एकमत छन्।[११] सन् १९७३ मा नर्वेली दार्शनिक आर्ने नासले यस्तै धारणाहरूको अध्ययन गरेर प्रदूषण र प्राकृतिक सम्पदाको अनावश्यक रूपले भइरहेको विनाश विरुद्ध डिप इकोलजी मुभमेन्ट अर्थात् गहन पारिस्थितिकी आन्दोलन सुरु गरेका थिए। वैयक्तिकताको भावना अथवा पृथकताको सोचलाई हटाएर प्रकृतिकेन्द्री ज्ञानको विकास गर्नु यसको मूल उद्देश्य थियो। आफैलाई विवेकशील र प्रकृतिमा राज्य गर्न सक्ने प्राणीको रूपमा पाएको अहंकारलाई गहन पारिस्थितिकीले स्वीकार गर्दैन। गहन पारिस्थितिकीले सदैव मानिस प्रकृतिको स्थूल अनि सूक्ष्म पारिस्थितिकीभित्र हुन्छ भन्ने बोध स्थापित गर्न चाहन्छ।[१२]

मूलतः प्रकृति, मानव अनि मानवेतर सबै वस्तुका लागि महत्त्वपूर्ण आधार हो तर आधुनिक, उत्तरआधुनिक नागरिक सभ्यताको उच्च जीवन शैलीले यो सत्यलाई धमिल्याइरहेको छ। यसबिच पनि प्रकृतिलाई आफ्नो घर र सभ्यता ठान्ने अफ्रिका अनि अन्य देशहरूका जनजातिहरूले यस सत्यलाई जोगाएर राखेका छन्। उनीहरू बाँच्नका लागि प्रकृतिमै आश्रित हुनुपर्दछ। वन–जङ्गल छोडेर सहरको परिवेश वा सभ्यतामा समन्वित हुनु अफ्रिकी आदिवासीहरूलाई प्रायः असम्भव नै हुन्छ। त्यसैले मानव समाजका लागि प्रकृति अनिवार्य छ। गहन पारिस्थितिकी नृकेन्द्री धारणाभन्दा विपरीत र वृहतर चिन्तन हो। यसले प्रकृतिलाई जैवकेन्द्री दृष्टिकोणबाट अवलोकन गर्दछ। मानिस हरेक कार्य आफैले पूर्ण गरेको ठान्दछ। ऊ सृष्टिका सारा थोक मान्छेकै उपभोगका लागि बनेका हुन् ठान्दै आफैलाई श्रेष्ठ अनि

११. religioandecology.org

१२. प्रिन्सिपल अफ इन्भारमेन्टल एथिक्स, पूर्ववत्, पृष्ठ २०

महानिरीक्षक मान्दछ। त्यसैले आफैलाई केन्द्रमा राखेर प्रकृति अनि मानवेतर वस्तुलाई किनारीकरण गर्ने नृकेन्द्री प्रवृत्ति र व्यष्टिवाद, उसको वंशानुगत संस्कार बनेको छ। प्रकृतिको सहभागिताबिना कुनै पनि कार्य सुगठित ढङ्गमा सञ्चालन हुन सक्तैन भन्ने सत्यसँग अवगत हुँदा हुँदै पनि मानवले प्रकृतिलाई नियन्त्रण गर्ने असफल प्रयास गरिरहेको छ। अतः प्रकृतिमा अनेकौँ विपद अनि सङ्कटले महाविनाशकारी रूप लिइरहेका छन्, अब प्रकृतिको संरक्षण र पर्यावरणलाई सन्तुलित बनाउनका लागि मानिसको संवेदना र भावनामा परिवर्तन आउनु आवश्यक छ जसका लागि मान्छेले 'म'–बाट निस्किएर 'हामी'–मा आउने प्रयास गर्नुपर्छ।

गहन पारिस्थितिकीका प्रवक्ता हुलूले मान्छे प्रकृतिको अंश हो भन्ने तथ्यलाई निरीक्षण गर्ने दुईवटा दृष्टिकोण अघि राखेका छन्। पहिलो, व्यवस्था सिद्धान्त वा सिस्टम् थियोरी र दोस्रो, गाया अनुकल्पना वा गाया हाइपोथेसिस्।[१३] व्यवस्था सिद्धान्तअन्तर्गत पृथ्वीलाई निकायको रूपमा हेरिन्छ। यसभित्र पनि अरू थुप्रै व्यवस्थाहरू पूर्ण र स्वतन्त्र रूपले सङ्गठित भएका हुन्छन्। पृथ्वीभित्र अरू निकायहरू स्वतन्त्र रूपले सङ्गठित भए तापनि पृथ्वी स्वयम् भने अर्को वृहत् निकायको अंश मात्रै हो। एउटा कोशिकाभित्र अनेकौँ सूक्ष्म कोशिकाहरू हुन्छन् तर कोशिका पनि अर्को वृहत्तर व्यवस्थाभित्रको नाभिक बिन्दु वा केन्द्रकको सानो अंश मात्र हो। त्यसरी नै मान्छेले पनि विभिन्न व्यवस्थाहरू, जस्तै– समाज, साहित्य, संस्कृति आदिलाई लिएर बसेको हुन्छ तर मान्छे स्वयम् भने प्राकृतिक व्यवस्थाको सानो अंश मात्रै हो।

गाया अनुकल्पनाअन्तर्गत व्यवस्था सिद्धान्तलाई नै अघि बढाएर यस सिद्धान्तलाई ब्रम्हाण्डकै सन्दर्भमा प्रयोग गरिन्छ। यसअन्तर्गत प्रकृतिमा भएका सम्पूर्ण अस्तित्व वा सत्ता अर्को वृहत्तम अलौकिक महानिकायका अंश हुन्। प्राचीन ग्रिसेली परम्परामा गाया भन्नाले प्रकृति सञ्चालित पृथ्वीका देवी–देवता भन्ने बुझिन्छ। जैव प्रणालीअन्तर्गत प्रकृतिमा आफैलाई सन्तुलित बनाइराख्ने प्रवृत्ति हुँदछ अनि कालअनुरूप यसले आफ्नो संरचनालाई स्वाभाविक विकास गर्दछ। यसअनुसार प्रकृतिले आफैँलाई सन्तुलन बनाई राख्नमा अक्सिजनको मात्रा, तापमान, ऋतु परिवर्तन आदिलाई व्यवस्थित प्रकारले सञ्चालन गर्छ। फलस्वरूप मानव शरीरले पनि शारीरिक तापमान, प्राणवायु आदिलाई धमनीद्वारा सन्तुलित बनाइराख्न सक्छ। यो मानवद्वारा नैसर्गिक रूपमा गरिने प्रकृतिको अनुकृति हो। प्रदूषित पर्यावरण, प्राकृतिक सम्पदाको विनाशजस्ता गम्भीर समस्याप्रति चिन्ता व्यक्त गर्ने गहन पारिस्थितिकी मूलतः आध्यात्मिक दृष्टिकोणमा आधारित छ। त्यसैले यसलाई डिप इकोलजीसँगै होलिस्टिक इकोलजी पनि भनिन्छ। यस सिद्धान्तले भावना, अभौतिकता, अनि कर्मद्वारा प्रकृतिको समस्यालाई समाधान गर्ने प्रयत्न गर्छ साथै व्यष्टिवाददेखि समष्टिवादतर्फ उन्मुख हुने प्रोत्साहान दिन्छ।

१३. www.deepecology.org/2012/ 7:20 pm

प्रकृति र मानवलाई छुट्याएर हेर्ने इतिहास धेरै पुरानो हो। प्रकृति लेखकहरू प्रागैतिहासिक काल र प्राचीन इसाई संस्कृतिसम्म गएर यसको कारण पत्तो लगाउने प्रयास गर्छन्, किनभने औद्योगिक पुँजीवाद सबैभन्दा पहिले युरोपबाट सुरु भयो अनि यो उपनिवेशको रूपमा फैलिएर गयो। परिवेश–दर्शनले मानिसले किन आफैँलाई प्रकृतिदेखि अलग राख्न थाल्यो अथवा आफैँलाई किन प्रकृतिभन्दा श्रेष्ठ मान्न थाल्यो भन्ने विषयमा अध्ययन गर्दछ। गहन पारिस्थितिकीले मानिसलाई प्रकृति केन्द्री बनाउने प्रयास गर्छ। लेयन वाइट जुनियरको विवादास्पद लेख 'द हिस्टोरिकल रूटस् अव् अवर इकोलोजिकल क्राइसिस'–मा इसाई धर्मग्रन्थ बाइबललाई दोषपूर्ण आदर्शको छवि प्रस्तुत गर्ने पुस्तकका रूपमा मानिएको छ। लेयन वाइटको विचारअनुसार ईश्वरले प्रकृतिको रचना गरेपछि त्यहाँ भएका प्राकृतिक सम्पदामाथि मानिसले अधिकार प्राप्त गरोस् र उसले प्रकृतिमा राज्य गरोस् भन्ने विचार बाइबलले दिएको छ। प्रकृतिमा भएका सम्पूर्ण पशु प्राणी, वनस्पति मानिसका लागि बनाइ दिएका हुन्। मानिस ईश्वरको प्रतिमूर्ति हो भन्ने बाइबलअन्तर्गत उत्पत्तिको वचनलाई लिएर प्रकृति विनाशको दोष इसाई समाजलाई लगाएका छन्।[१४] वाइटको विचारमा यो वचन प्रकृतिकेन्द्रीभन्दा धेर नृकेन्द्री वा मानवकेन्द्री विचारमा आधारित छ। वास्तवमा प्रकृतिको केन्द्र मानिस होइन। वस्तुतः मानिस वा उसको जीवन प्रकृति केन्द्री हुन्छ। त्यसैले मानवकेन्द्री (एन्थ्रोसेन्ट्रिक) धारणा प्रकृति लेखनको विपरित देखिन्छ। यसप्रकारको वचनले मानिस प्रकृतिदेखि भिन्न छ भन्ने बुझाउँदछ। अतः मानिसमा सर्वशक्तिमानको अहम् जागेर उसलाई प्रकृतिको नियम विरूद्ध गएर कार्य गर्नुमा प्रेरित गराउँछ भन्ने वाइटको विचार देखिन्छ।

वैदिक परम्परा अथवा सनातन जीवन शैलीमा प्रकृतिलाई ठुलो महत्त्व दिइन्छ। सनातन विश्वासमा पर्यावरण वा प्रकृतिको संरक्षण गर्नुपर्ने धारणा आधुनिक मात्र होइन। आधुनिक समाज निर्माण हुनुभन्दा धेरै वर्षअघि प्रागैतिहासिक कालदेखि नै ऋषि–महर्षिहरूले प्रकृतिलाई पूज्य र वन्दनीय मानेर यसको रक्षा गर्दै आइरहेका थिए। अतः वैदिक संस्कारमा प्रकृति पूजनलाई सर्वाधिक महत्त्व दिइएको छ। मानवले मानवेतर वस्तुहरू साथै खोला–नाला वन–जङ्गल आदिसँग समन्वय राखेर नियमित रूपले सृष्टि सञ्चालनमा प्रकृतिलाई सहयोग गरिरहेको हुन्छ। पृथ्वीलाई आमाको स्थानमा राखेर पूजा गरिने हुनाले घर, मन्दिर वा कुनै पनि मठ आदि निर्माण गर्न अघि चोट वा उनीमाथि हुने हिंसात्मक कार्यको लागि क्षमा माग्नका लागि भूमिपूजन गरिन्छ। यसले प्रकृति अनि मानवको आन्तरिक र भावनात्मक सम्बन्ध देखाउँदछ। यसरी गहन पारिस्थितिकीय दृष्टिकोणबाट पर्यावरण, मानव अनि साहित्यको गहन अध्ययन गरिन्छ। परिवेश–विमर्शपरक दृष्टिकोणले गरिने साहित्यावलोकनमा गहन पारिस्थितिकी पनि

---

**१४. लेन वाइट जे.आर, सन् ,१९९६, द हिस्टोरिकल रूट्स अव् अवर इकोलजिकल क्राइसिस, चेरिल गटफेल्टी अनि हार्लोड फोर्म (सम्पा.) द इकोक्रिटिसिजम रिडर लेन्डमार्कस इन लेटेरेरी इकोलजी, द युनिभर्सिटि अफ जर्जिया प्रेस लन्डन, पृ.९**

एउटा महत्त्वपूर्ण अंश हो।

मोहन कोइरालाले 'ऋतुनिमन्त्रण'-मा प्रकृतिको विषयगत रूपको भन्दा तत्त्वरूपबारे अधिक चर्चा गरेका छन्। प्रकृतिको शक्ति विशिष्ट छ। त्यही शक्तिद्वारा प्रकृति वाह्य र आन्तरिक रूपमा सञ्चालित भइरहेको हुन्छ, कवि यसरी आफ्नो विचार राख्छन्-

पशु पक्षीलाई आगामी समय कसैले भन्न पर्दैन
पुश पक्षीलाई आगामी ऋतु कसैले किट्न पर्दैन,
कुन मैह्ना कुन वन अनुकूल बन्छ, कुन स्यौला कुन मैनामा
झपक्क बन्छ,
खोलाको पानी मिठो हुने समय, कुवाको पानी भुल्का उठ्ने समय
ताल तलैयाहरू कुन महीना कन्चन निष्कलङ्क हुन्छ पैले नै ज्ञान गर्छ
शरीर शृपिहरू काँचुली कुन ऋतुमा बदल्छन्
चरा कुन ऋतुमा प्वाँख फेर्छन्, राजु भएर
आउने ऋतु कुन भाका गाउँछ चरी, कुन वन हो त्यो पुग्ने,
गएको ऋतु कुन भाका रुन्छ चरी,
अथवा पहरो खोपेर बनाउनेलाई कुन समय उपयुक्त छ।
अथवा लहरा खोपेर बनाउनेलाई कुन वेला अनुपयुक्त छ।
कसैले सिकाउन पर्दैन कमिला पर्यन्तलाई कार्य गर्न
मानो समयका भावहरू सबैलाई थाहा छ

**--- ऋतुनिमन्त्रण/पृ ४**

उपर्युक्त पद्याशंमा ऋतु परिवर्तनका दुईवटा कारण देखिन्छन्। पहिलो प्रकृतिको पारिस्थितिकी शक्ति दोस्रो प्रकृतिमा निहित नैसर्गिक वा प्रकार्यगत शक्ति। वाह्य रूपमा हुने प्रकृतिको परिवर्तनलाई विज्ञानले पारिस्थितिकी भनिन्छ भने आन्तरिक रूपमा रहेर त्यस परिवर्तनको कार्य गर्ने कारकलाई गहन पारिस्थितिकी भन्न सकिन्छ। उपर्युक्त कविताशंमा पशु प्राणी, पक्षी, वनस्पति आदिले समयको भाव थाहा पाउने शक्ति नै वास्तवमा गहन पारिस्थितिकी हो। आधुनिक पारिस्थितिकीवादको प्रारम्भिक समयमा यसलाई एउटा परिष्करणवाद मानिन्थ्यो। परिषकरणवादीहरूका विश्वासअनुसार वर्तमान संस्कृतिमा आएको परिवर्तनलाई संयम गर्नाले पारिस्थितीय सङ्कट समाधान हुन सक्छ। आर्ने नासले यस विचारलाई सतही पारिस्थितिकीवाद वा 'स्यालो इकोलजी' भनेका छन्।[१५] उनले सन् १९७५ मा 'डिप

१५. के वनजा, सन् २०११, साहित्यका पारिस्थितिक दर्शन, वाणी प्रकाशन, नयाँ दिल्ली, पृ १४

इकोलजी' वा गहन पारिस्थितिकीको नयाँ दर्शन दिएर पारिस्थितिकीलाई अध्ययन गर्ने नयाँ दृष्टिकोण दिए। गहन पारिस्थितकीका आधारभूत दुईवटा तत्त्व छन्। पहिलो मानिसको झैं प्रकृतिको सम्पूर्ण सत्ताको पनि आफ्नो मूल्य छ र उसलाई आफ्नो अस्तित्त्वको संरक्षण गर्ने अधिकार छ। त्यसैले प्रकृतिबाट मानिसले आफूलाई आवश्यक वस्तुहरूभन्दा धेर संसाधनहरू एकत्रित गर्ने अधिकार छैन। दोस्रो दर्शनलाई नृकेन्द्रित धारणाबाट जैव केन्द्रित बनाउनु हो। त्यसपछि धरतीका प्रत्येक सत्तालाई आफ्नो अस्तित्त्व प्राप्त हुँदछ।[१६] प्रकृतिको स्वतन्त्र अस्तित्त्वमा कोइराला यसरी लेख्छन्–

दिनको हेरफेरमा फूल वन्न कोपिलाले अभियान गर्छ,
वेलुकीको त्यही फूल छिपेर कोपिला बन्छ,
अनायास वाटिकामा वसन्त चढ्दा, कोपिला फूल बन्न सक्छ भने
त्यही फूल ऋतुको षड चक्रमा
वीजरूपमा परिणत हुन्छ

**––– ऋतुनिमन्त्रण / पृ ६**

प्रकृति बीज र वृक्ष दुवै हो। यसमा मानिसको हस्तक्षेपको आवश्यकता छैन। दर्शन मानिसको लागि मात्रै होइन। दर्शनको सारा प्रकृतिमा नै निहित छ, अर्थात्, दर्शनको बीज प्रकृति नै हो। त्यसैले दर्शन वा ज्ञान नृकेन्द्र धारणाभन्दा जैव वा प्रकृति केन्द्री हुनुमा मूल्यवान छ।

सामाजिक विज्ञान र राजनीति विज्ञानका आधुनिक सिद्धान्तहरू प्रायः नृकेन्द्रित छन्। यी सिद्धान्तहरूमा प्रकृति संरक्षणको चर्चा धेरै नै कम देखिन्छ। यसमा भौतिक प्रकृतिको महत्त्वभन्दा समाज र सत्ताको संरक्षणमा ध्यान केन्द्रित रहेको हुन्छ। मूलतः प्रकृति, पर्यावरणप्रति सचेततामा कुनै तर्क र विमर्श भइरहनु पर्दैन, किनभने यो मानिसको चेतनामा स्वतः जागृत हुनुपर्ने ज्ञान हो। यो सिद्धान्तद्वारा अनुसन्धान गरिरहनुपर्ने विषय पनि होइन। त्यसैले प्रकृतिप्रति सहानुभूति र संवेदना होइन, सचेत हुनु आवश्यक छ।[१७] त्यसैले गहन पारिस्थितिकीको केन्द्रीय धारणा प्रकृतिमा जीवको बाँच्ने, हुर्कने र बढ्ने समान अधिकार छ। यो स्वतन्त्र, स्वनिर्भर छ र यसमा मानवीय हस्तक्षेप अनावश्यक हो भन्ने देखिन्छ। जीव, वनस्पति आदि विषयहरू मानवीय इच्छा र प्रयोगका वस्तु मात्र ठानिएका हुँदा यसको विरोधमा उनीहरूको पनि आफ्नो अस्तित्त्व र मौलिक अधिकार छ भन्नेमा गहन पारिस्थितिकीले विश्वास गर्छ। प्रकृतिका मूलभूत महत्त्व र विशेषताहरू छन्। यसको स्वाभाविक गहनता छ जसलाई

१६. के वनजा, सन् २०११, पूर्ववत्, पृ १५
१७. गूस दि जिरेगा, डिप इकोलजी एन्ड लिब्ररलिज्म : द ग्रिनर इम्पिलकेसन अफ् इभोल्यूसनेरी लिब्ररल थियोरी, क्यमब्रिज यूनिभर्सिटी प्रेस, hptt://jstor.org/stable1408618 23/02/2012/ 4:31pm

नृकेन्द्री दृष्टिकोणबाट बुझ्न सकिँदैन। कोइराला 'शरद्'-कवितामा लेख्छन्-

मौसमको सिद्धान्त धान हुनुपर्छ, यस मैनाको
जाने मार्ग धान हुनुपर्छ, प्रकृतिमा आस्था हुनुपर्छ,
त्यसको साथमा बाटो एक सिद्धान्त हुनुपर्छ, यस ऋतुमा
बालाको गहनामा देखिंदा खेत सर्वस्व बन्नुपर्छ,

**--- ऋतु शरद् /पृ ३६**

व्यक्तिले प्रकृतिको सिद्धान्त बनाउन सक्तैन। यसको सिद्धान्त गहन र व्यापक हुन्छ, अर्थात् प्रकृति स्वयं नै आफ्नो सिद्धान्त र प्रयोग पनि हो। गहन पारिस्थितिकीको दृष्टिकोणबाट हेर्नु हो भने जलवायु परिवर्तनको धारणा गलत हो। वास्तवमा यो बनस्पति र जीवहरूमा भएको मानवीय हस्तक्षेप र विनाशको प्रमाण हो। मानिसले जलवायुमा नियन्त्रण गर्न सक्तैन। यदि यसमा हस्तक्षेप गर्छ भने अन्य जीव र वनस्पति अनि उनीहरूको उद्‌भव स्थलमा प्रभाव पर्दछ। त्यसैले प्रकृतिलाई उसको स्वाभाविक विशेषता वा मूलभूत विशेषताहरूसँग स्वतन्त्र छोड्नुपर्छ। गहन पारिस्थितिकीले नृकेन्द्री धारणालाई अस्वीकार गर्दै जैवकेन्द्री वा पर्यावरण केन्द्री धारणलाई महत्त्व दिँदछ।

आर्ने नासले गहन पारिस्थितिकीका केही बुँदाहरू राखेका छन्।[१८]

१. नृकेन्द्री पर्यावरणको छवि भएका सम्बन्धात्मक क्षेत्रहरूको अस्वीकार
२. जैविक समानता
३. विविधता र सहोदरको सिद्धान्त
४. वर्ग विरोध
५. प्रदूषण र संसाधनहरूको रित्तीकरणको विरोध
६. जटिलता होइन समस्यामा ध्यान दिनु
७. स्थानीय स्वायत्तता र विकेन्द्रीकरण

'ऋतु-निमन्त्रण'-मा गहन पारिस्थितिकीका लागि नासले दिएका यी बुँदाहरू कवितात्मक रूपमा व्यक्त छन्। मोहन कोइरालाले कवितामा सचेत भएर होइन तर उनले अचेतन रूपमा नै गहन पारिस्थितिकीका कुराहरू व्यक्त गरेका छन्। मानिस प्रकृतिका तत्त्वहरूद्वारा निर्मित भएको हुनाले सबैको अचेतनतामा यी तत्त्वहरू नैसर्गिक रूपमा रहेका हुन्छन्। कविहरू सिर्जनाको क्षणमा त्यही अचेतन अवस्थामा पुग्दछन् अनि त्यस ऊर्जाको सहयोगद्वारा प्रकृतिको वर्णन गर्दा स्वतः उनमा पनि

१८. www.dhushara.com/2013/4:00 pm

त्यो अनुभूति प्रकट हुँदछ। गहन पारिस्थितकीलाई गहन अनुभूतिबाट नै अनुभव गर्न सकिन्छ। कोइराला लेख्छन्-

ऋतु जिस्क्याउन हुँदैन ऋतु अनजानमा चलाउन हुँदैन
एक क्षणको भूल सदा सदाको विनाश बन्नसक्छ
एकै क्षणको दोष कालकाल, अक्षम्य दोष बन्न सक्छ
महिना आओस् वा ऋतु आओस्
सदा मानवको लागि आओस् वनस्पति र जीव-जिवातको लागि बनोस्
अनजानमा नचलाऊ ऋतु विश्व ध्वस्त हुन सक्छ।

**--- ऋतुनिमन्त्रण/ पृ ११**

ऋतुहरूलाई एकसूत्रमा बाँधेर सन्तुलित बनाउने शक्ति वा ऊर्जा नै वास्तवमा गहन पारिस्थितिकीको अवधारणा हो। सतही पारिस्थितिकीले जीव र उसको पर्यावरणबिचको आन्तरिक र बाह्य सम्बन्धबारे अध्ययन गर्छ भने गहन पारिस्थितिकीले मानिसलाई प्रकृतिको अङ्ग मान्दै प्रकृति सञ्चालन र संरक्षणमा उसको भूमिकाको व्याख्या गर्छ। यसले मानिसको प्रकृतिसँगको बाह्य सम्बन्धलाई मात्र व्याख्या नगरेर आन्तरिक सम्बन्ध स्थापन र सृष्टिचक्रमा त्यससँग अनुकूलता ल्याउनमा मानिसको कर्तव्यबारे चर्चा गर्छ।[१९] भैरव अर्यालले प्रकृतिको अर्थ स्वभाव पनि हो भन्दै स्वभावको अर्थ भाव हो भन्ने बताएका छन्।[२०] उनी लेख्छन्, प्रकृतिसित केही आफ्नै भाव छन् जो स्थायी छन्। मानिससित केही भाव छन् जो स्थायी छन्। मानिस आफ्नो मनोदशाको विशेष अवस्थामा प्रकृतिसित भावको साट-फेर गर्दछ। पहिले पहिले प्रकृतिको संयोगबाट मानिसमा यसको भाव पैदा भयो होला। त्यसैगरी ती आक्रमणको सामना गर्न क्रोध-भाव पनि जन्म्यो। यसै गरी प्राकृतिक प्रकोपहरूबाट तर्सेर त्यसबाट बाँच्न धार्मिक-भाव पैदा भएको हुन सक्छ,[२१] तर व्यक्तिले आज प्रकृतिको भावभन्दा आफ्नो भावलाई नै उच्च मान्दछ।

'ऋतु-निमन्त्रण'-को भूमिकामा कोइराला लेख्छन्, ''तानातान हिलो छयाप-छयाप विश्वको नित्य नैमित्य चटारो। जिन्दगीको श्वास निश्वास र बाँच्नुको विडम्बना सदा नियतिसँग गैरहेको विश्वको यी छ ऋतुका भावना कुसुम हुन्। यिनमा तिनै छ थरी पुष्पका छ वास्ना छन्। कैयौं रंग, कैयौं पत्रबाट बनेको ऋतु-निमन्त्रण छ। छ डाँक्ला छ डाँठमा देखियो भने कुनै अचम्म मान्न पर्दैन। यी छ जातका उखु, छ थरी रस वर्षण गरून्, मेरो यै अभिप्राय छ। मैले पुष्प भन्नुको कारण यसमा परेका विनीत-मित

**१९. सोसियल इस्यू रिसर्च सेन्टर (SIRC), १८ मई, २०१६,**
**२०. भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पृ ५०**
**२१. भैरव अर्याल, सन् १९७३, पूर्ववत्, पृ ५०**

भावना हो। अरू कविताभन्दा यसका स्वर र धून बेग्लै छ।"[२२] कोइरालाले 'ऋतुनिमन्त्रण'-मा ऋतुहरूलाई भौतिक रूपमा देखिने ऋतुको मात्र वर्णन गरेका छैनन्। ऋतु यहाँ समय, परिवर्तन, शक्ति, पोषण, गहन पारिस्थितिकी आदिको सङ्केतको रूपमा पनि प्रस्तुत भएका छन्। कोइरालाले ऋतुको धर्म र यसको वस्तुलाई पनि निर्क्योल गरेका छन्। कवितामा प्रयोग भएका विम्ब-प्रतीक आदिले मानव अस्मिता, जीवनशैली र प्रकृतिको प्रकार्यगत शक्तिको भावलाई बोकेको छ। अतः कोइरालाले विचार र सौन्दर्यलाई गहन पारिस्थितकीको भावमा व्यक्त गरेका छन्।

अन्नपूर्णाको मन्दिर खलिहानमा बनेको छ
धरती अनुकूल बनेपछि खारिलो आँसु
किसानको आँखामा कहाँ टिक्न सक्छ
.........
जति सम्पन्न भए पनि अन्नबिना बाँच्न सक्तैन सहर,
जति चौडा जमीन भए पनि गाभो नरोपे अन्न बन्न सक्तैन,
लुगा नलाए मानिस बाँच्छ, औषधि नभए पनि बरू बाँच्छ
माटो र अन्न नभए
कहाँ बाँच्तछ जीव जीवात,

**--- ऋतु हेमन्त/ पृ १५**

प्रकृतिले मानिसलाई भौतिक र आत्मिक रूपमा उपकार गरिरहेको छ। त्यसैले पारिस्थितिकी जीवनको आधार हो। यसको चक्रमा जीवन सजीव छ। माटो र अन्न नभए जीवको कल्पनासम्म गर्न सक्दिैन। प्रकृतिको गहन शक्तिले यस चक्रलाई सञ्चालित गरिरहेको छ। भैरव अर्याल साङ्ख्य दर्शनको सन्दर्भ लिएर भन्छन्, ''साङ्ख्यअनुसार प्रकृति त्यो मूल तत्त्व हो जुन पुरुषको आकर्षणबाट जीवन-जगत्को सृष्टि गर्छ। अर्को शब्दमा जगत् प्रकृतिकै विकार वा अनेकरूपको प्रवर्तन हो। यो एकरूपताबाट परिणामद्वारा अनेकरूपतातिर उन्मुख हुँदै जान्छ र फेरि अनेकरूपताबाट उही एकरूपतातिर उन्मुख हुन्छ'', अर्थात्, प्रकृति सृष्टिको त्यो रज्जु-चक्र हो जुन फुस्कँदै जान्छ र बाटिँदै आउँछ; यी फुक्ने र पुनः बाटिने क्रियालाई क्रमशः प्रकृतिको साम्यावस्था र स्वरूपावस्था भनिन्छ। पहिलो गतिलाई विरूप-परिणाम र दोस्रो गतिलाई स्वरूप-परिणाम पनि भन्ने गरिन्छ। स्वरूपावस्थामा प्रकृति अव्यक्त रहन्छ, व्यक्त भएपछि मात्र ऊ जगत् भनिन्छ। यिनै फुक्नु र बाटिनुको उभयगतिमा जगत् बन्दै र बिग्रँदै गर्छ। प्रकृतिको यो रज्जु-चक्रको घुमाइको क्रम साङ्ख्यले यसरी मान्दछ- ''प्रकृति-बुद्धि-अहङ्कार-

२२. मोहन कोइराला, सन् १९८३, ऋतुनिमन्त्रण (भूमिका), साझा प्रकाशन, काठमाडौँ, पृ घ

पञ्चतन्मात्रा-एकादेशन्द्रिय हुँदै पञ्चमहाभूत-संसार (स्वरूपबाट विरूप)। संसार-पञ्चमहाभूत-एकदशन्द्रिय-पञ्चतन्मात्रा-अहङ्कार-बुद्धि हुँदै-मूल प्रकृतिमा विलयन।'' (विरूपबाट स्वरूप)[२३]

भैरव अर्यालले उल्लेख गरेको साङ्ख्य दर्शनको यस प्रसङ्गले गहन पारिस्थितिकीको अवधारणालाई प्रमाणित गर्न धेरै सहज बनाएको छ, किनभने प्रकृतिका दुई स्तर छन्। पहिलो 'परा' र दोस्रो 'अपरा'। 'अपरा' त्यो हो जसमा पञ्च भौतिक तत्त्व रहेको हुन्छ, जसलाई इन्द्रिय चेतनाद्वारा अनुभव गर्न सकिन्छ। परा प्रकृतिलाई अध्यात्म विज्ञानले 'समष्टि चेतना' वा 'समष्टि-मस्तिष्क' भनेको छ। प्रकृतिको अपराशक्ति परा शक्तिकै प्रतिभास हो। अपरालाई सञ्चालित गर्ने मूलशक्ति पारशक्ति नै हो, जसलाई कुनै उपकरण र इन्द्रियहरूले प्रत्यक्ष गराउन सक्तैन,[२४] जसरी आर्ने नासले गहन पारिस्थितिकीको अवधारणालाई अध्यात्मको आधार दिएका छन्। मोहन कोइराला यी कुरा यसरी देखाउँछन्-

सम्पूर्ण समय शुक्लपक्ष र कृष्णपक्षका दुई पखेटा हुन्,
कतिबेर फुक्छ समय सेतो र कालो पखेटामा
कतिबेर बाँधिन्छ
मानव उत्तरायण र दक्षिणायन बुझ्छ अरू बुझ्दैन
जसले वर्षाहरू बाँधिन्छ,
कैले एक युगको प्रतिष्ठा हुन्छ कैले अर्को युगको प्रतिष्ठा एक युग डुब्छ
यिनै कार्य कारणले विश्व परिभ्रमण गर्छ
यसैका परिवर्तनमा कालचक्र चल्छ,
यसै क्रमले दिन पुगेका वृक्ष बीजमा सङ्कुचित हुन्छ,
यसैका क्रममा पर्दा नगण्य बीऊ वृक्षमा परिवर्तन हुन्छ
समयका लम्बाइमै बिरूवा बढ्दै बढ्दै ढकमक्क फुल्ने बन्छ,
राम्रो ऋतु आउँदा बढी बाँच्न मन पर्छ त कैले कुनै
ऋतुमा मर्न पनि मन लाग्छ,

**--- ऋतुनिमन्त्रण / पृ १२**

यस पद्यमा वर्णित समयले प्रकृतिका परा अनि अपरा दुईवटा चक्रको सङ्केत गरेको छ। गोचरणीय परिवर्तन अपरा प्रकृतिको क्रिया हो भने यसको कार्य कारण सम्बन्ध परा प्रकृतिको सङ्केत हो। त्यसैले परा प्रकृतिको शक्तिलाई गहन पारिस्थितिकीको अवधारणाका रूपमा हेर्न सकिन्छ। मोहन

२३. भैरव अर्याल, सन् १९७३, पूर्ववत्, पृ १०
२४. अखण्ड ज्योति, सन् १९९२, hptt//literature.awgp.org, (2016/9:00pm)

कोइरालाले 'ऋतु–निमन्त्रण'–मा सतही पारिस्थितिकी (स्यालो इकोलजी) र गहन पारिस्थितिकी (डिप इकोलजी)–लाई वैचारिक, काव्यिक ढङ्गमा प्रस्तुत गरेको देखिन्छ। मूलतः ऋतुहरूको कार्य कारण सम्बन्धका विषयमा उनले खोज गर्ने प्रयास गरेको बुझिन्छ। ऋतुहरूमा केके हुन्छन् र केके हुन सक्ने सम्भावनाहरू छन् त्यसको आवृतिसँगै ती सबै किन र कसरी हुन्छन् भन्ने सूक्ष्म स्तरको क्रियालाई पनि ध्यान दिएका छन्। भौतिक र पराभौतिक दुवै स्थितिलाई उनी स्वीकार गर्छन्।

**३. निष्कर्ष**

'ऋतुनिमन्त्रण' मोहन कोइरालाका अन्य कविताहरूभन्दा फरक छ। यसमा उनको दर्शन, विज्ञान, कविशक्तिको परिचय देखिन्छ। यस काव्यको विविध दृष्टिकोणद्वारा पठन सम्भव छ, यद्यपि यो काव्य प्रकृतिकेन्द्रित रहेको हुनाले यसलाई परिवेश विमर्शअन्तर्गत गहन पारिस्थितिकीको सन्दर्भलाई लिएर अध्ययन गरिएको छ। गहन पारिस्थितिकीभित्र पर्ने 'गाया अनुकल्पना' पनि महत्त्वपूर्ण विषय हो। गाया ग्रीकबाट लिइएको शब्द हो, जसले प्रकृतिदेवी भन्ने अर्थ दिन्छ। प्रकृतिलाई वाह्य अनि आन्तरिक रूपमा पोषण दिने गाया अनुकल्पनाबारे नासाका वायुमण्डलीय रसायनविज्ञ जेम्स लभलकले आफ्नो पुस्तक 'गायाः ए न्यू लुक एट लाइफ अन अर्थ्'– मा पहिलोपल्ट लेखेका हुन्। प्रकृतिको आन्तरिक तहमा रहेको विशिष्ट शक्ति नै गाया हो। 'ऋतुनिमन्त्रणा–' मा कोइरालाले प्रकृतिको प्रकार्य शक्तिको वर्णन गरेका छन्। यस काव्यमा ऋतुहरूको स्वाभाविक परिवर्तन मात्र नभएर परिवर्तनका कारण र कारणत्वबारे चर्चा छ। लुगा नलाए मानिस बाँच्छ, औषधी नभए पनि बाँच्छ, माटो र अन्न नभए कहाँ बाँच्तछ जीव जीवात भनेर कविले प्रकृतिको परा शक्तिको वर्णन गरेका हुन्। मानिसमा निहित उर्जा पनि प्रकृतिद्वारा प्राप्त विषय नै हो। 'ऋतुनिमन्त्रण'– भित्रका कविताहरू ऋतुसम्बन्धिका छन्। अभिप्रायगत रूपमा हेर्दा ती कविताहरूले प्रकृति वा ऋतुहरूको आन्तरिक स्वरूप खोज गरेको छ। परिवेश विमर्शले प्रकृति र साहित्यबिचको सम्बन्धबारे अध्ययन गर्दछ र त्यही अध्ययन यो काव्य भएको हुँदा 'ऋतुनिमन्त्रण'–लाई परिवेश काव्य भन्न सकिन्छ।

**सन्दर्भ ग्रन्थ –**

१, अर्याल, भैरव, सन् १९७३, **नेपाली काव्यमा प्रकृति**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ

२. ओडियुम, इगेनी, पी, सन् १९९३, **इकोलजी ए ब्रिज बिटविन साइन्स एन्ड सोसाइटि** : यूएसए मेसाचुस्येस्ट

३. कोइराला, मोहन, सन् १९८३, **ऋतु–निमन्त्रण**, साझा प्रकाशन, काठमाडौँ

४. कोइराला, मोहन, सन् १९८३, **ऋतुनिमन्त्रण (भूमिका)**, साझा प्रकाशन, काठमाडौँ
५. गटफेल्टी, चेरिल, सन् १९९६, **द इकोक्रिटिसिजम रिडर लेन्डमार्कस इन लिटेरेरि इकोलजी**, चेरिल गटफेल्टी अनि फोर्म हार्लोड (सम्पा), द युनिभर्सिटी अफ जर्जिया प्रेस, लन्डन
६. गेरेड, ग्रेज, सन् २००७, **इकोक्रिटिसिजम**, रुटलेज, न्यूयोर्क
७. गौतम, कृष्ण, सन् २००७, **उत्तरआधुनिक जिज्ञासा**, भृकुटी एकेडेमिक पब्लिकेसन्स्, काठमाडौँ
८. जोशी, कुमारबहादुर, सन् १९९६, **देवकोटाका कवितामा प्रकृति**, सरस्वती प्रकाशन, कीर्तिपुर
९. व्हाइटहेड, अलफ्रेड नर्थ, सन् १९६४, **द कन्सेप्ट अव् नेचर**, क्यामब्रिज युनिभर्सिटी प्रेस
१०. सुवेदी, अभि, सन् १९९४, **सिर्जना र मूल्याङ्कन**, साझा प्रकाशन, काठमाडौँ